Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १२, २०८० साल असोज २३ गते मंगलबार(Oct 10, 2023) www.janaakash.com.np

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०८० को अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।



सुतार कार्की सेवा समिति (परिवार)
अध्यक्ष
दिव्य ध्वज कार्की

## इजरायलमा रहेका विद्यार्थीको उदार गर्न पिडितको आग्रह



**काठमाडौं–** पीडित परिवार हरूले इजरायलमा जारी द्वन्द्वको चपेटामा परेका आफन्तहरूलाई तत्काल उद्धार गर्न सरकारसँग आग्रह गरेका छन् । आईतबार साँझदेखि उद्धारको पर्खाइमा रहेको नेपाली विद्यार्थीहरु जोखिम क्षेत्रमा रहेका छन् ।

सोमबार बिहान परराष्ट्र मन्त्रालयमा पुगेर पिडित परिवार हरुले परराष्ट्रमन्त्री नारायणप्रकाश साउदसँग द्वन्द्वको चपेटामा परेका विद्यार्थीहरूको तत्काल सुरक्षित ढंगले नेपाल ल्याउन आग्रह गरेका हुन् ।

हमासले आक्रमण गरेको गाजा क्षेत्र नजिकै रहेका उनीहरू आक्रमणको सिकार हुने डरले आत्तिइरहेकाले तत्काल सुरक्षित ढंगले उद्धार गर्न मन्त्री साउदलाई आग्रह गरेको पिडित परिवारले बताएका छन् । सुदूरपश्चिम विश्वविद्यालयमा अध्ययन गरेका लोकेन्द्र, रमेश कार्कीसहितका नौ जना विद्यार्थीहरू अध्ययनका लागि इजरायल गएका थिए ।

उनीहरूसँग आधा-आधा घण्टामा सम्पर्क हुने गरेको तर आक्रमणको डरले तनावमा रहेकाले सरकारले उनीहरूलाई सुरक्षित ढंगले नेपाल फिर्ता ल्याउन ढिलाइ नगर्न पनि पिडित परिवारले सरकारलाई आग्रह गरेका छन् ।

नेपालीहरू बंकरमा रहेको स्थानबाट करिब २५५ किलोमिटर भित्र रहेकाले उनीहरूलाई यथाशीघ्र बंकरमा पठाउन पहल गर्नका लागि सरकारसँग आफन्तहरूले आग्रह गरिरहेका छन् । छिटो हामीलाई उद्धार गर भनेर हामीलाई बारम्बार तनाव दिइरहेका छन् । फोन गरिरहेका छन् । सुरक्षित ढंगले छिटो हाम्रा बच्चाहरूलाई फिर्ता गराइदेउ सरकार भनि सरकार संग गुहारमागेका छन् ।

## देशलाई धार्मिक युद्धमा फसाउन खोज्नेहरुको यस्तो छ नालीवेली

■ मोहन कार्की

**काठमाडौं–** नेपालमा धार्मिक युद्ध गराउन यतिवेला विदेशी मिशनका एजेन्टहरु नेपालमा सक्रिय भएको पाइएको छ । यहि एक महिना भित्र पुर्वको धरानमा गोरु काटेर खाएको भनेर भिडियो पोष्ट गरी त्यसैलाई आधार बनाएर धार्मिक झड्प गराउने प्रयास भएको थियो । त्यसको एक महिना बित्न नपाउदै नेपालगंजमा मुस्लिम र हिन्दुको दंगा भड्काउन खोजिएको छ । धरानमा उग्र रुप देखिए पनि अपृय घटना हुन पाएन । नेपालगंजमा भएको दगामा भने केही मानिसहरु धाइते भएकाछन् । नेपालगंजमा कर्फ्यु नै लगाउनु परेको थियो । यतिवेला अवस्था सामान्य भइसके को छ । तर भड्कदै गएको जातिय, धार्मिक, सप्रदायमा विस्तारै एक अर्कोप्रति वैमन्स्यता बढदै गएको छ । कतिवेला काहा भड्किने हो भन्ने त्रास मासिहरुमा पर्न थालेको छ । यस्तो त्रास फैलाउने नेपालका नेपालीहरु प्रयोग भएको भएपनि कुनै न कुनै शक्तिको अप्रत्यक्ष सम्लंग्न भएकै छ भन्ने देखिन्छ । किनकि वेला वेलामा धार्मिक कार्यक्रमको अवसर पारेर विदेशी शक्तिहरु नेपालमा योजनबद्ध तरिकाले नै लागेको पाइएको छ ।

त्यो कुरा नेपाल प्रहरीले नै स्वीकार गरिसकेको छ । धार्मिक दंगा फैलाउन गिरोह नै सक्रिय भएको निस्कर्ष प्रहरीको छ । तर प्रहरीले विदेशी भनेर नतोकेपनि उसले गिरोह भनेर परिभाषा दिएको छ ।

नेपालको धार्किक सदभाव, राष्ट्रिय एकतामा खलल नपुऱ्याउन धार्मिक गुरुहरु, लामाहरु, स्लाम गुरुहरु, पाष्टरहरु सवैले सदभाव कायम गर्न आवाह्न गरेकाछन् । उनिहरुले सदभाव ऱ्याली नै निकालेर धार्मिक सहिष्णुता, राष्ट्रिय एकता कायम गर्न सवै मिलेर बस्न सवैले सवैको धार्मिक आस्थाको सम्मान गर्न भनेकाछन् ।



फोटोको श्रोत सामाजिक संजाल

यता बुद्धिजीविहरुले चै यि सवै धार्मिक समस्या, जातिय समस्या ल्याउने राजनीतिक पार्टीहरु भएको आरोप लगाएकाछन् । त्यस्तै आरोप लगाउनेहरुमा वरिष्ठ लेखक राम प्रसाद ज्ञवालीले आफ्नो सामाजिक सञ्जालमा यसरी लेखेकाछन् "नेपालमा जातीय द्वान्द्व बढाएर नेपालीको एकता र अस्तित्व समाप्त पार्ने योजना अनुरुप डलरेहरु सकिय छन् । आफुलाई कान्तिकारी पार्टी भन्नेहरुले जातीय र क्षेत्रीय अधिकारका नाममा यस आगोलाई योजनाबद्ध रुपमै हावा दिईरहेको स्पष्ट रुपमा देखिन्छ । कम्तिमा आफुलाई बौद्धिक ठान्नेहरुले जातीवादी पार्टी, तिनका लुच्चा नेता र ती लुच्चा नेताका मुर्ख कार्यकर्तालाई चिनौ र वहिष्कार गरौं । यस देशलाई जातीय युद्धमा होम्ने पार्टी र नेता यस देशका खतरनाक भाइरस हुन् । यी भाईरसवाट देश जोगाऔं ।" भनि अपिल समेत गरेका छन् ।

त्यसैगरी कपन बानेश्वर साप्ताहिकका सम्पादक समेत रहेका निबन्ध आचार्यले पनि यसरी टिप्पणी गरेकाछन् । "जनतालाई जाती, धर्म, सम्प्रदाय, पार्टीको आधारमा विखण्डन गराएर सदभावको राग अलाप्नु भनेको ढल मिसाएर खोला सफा गर्नु जस्तै हो ।" भनेर सामाजिक सञ्जालमा व्यक्त गरेका छन । यि भनाईहरुलाई आधार मान्दा देशमा राजनीतिक पार्टीहरुले आफु सत्तामा जानको लागि विगतमा वाडेका गलत जातीय नारा र जानेर वा नजानेर द्वान्द्व फैलाउने विदेशी शक्ति केन्द्रहरुको योजनामा राजनीति नै फसेको हो भन्ने देखिन्छ ।

» बाकी ६ पृष्ठमा

## सुदुरपश्चिममा गएको भुकम्प प्रति पुर्वराजाद्वारा चिन्ता ब्यक्त



**काठमाडौं–** पुर्व राजा ज्ञानेन्द्र शाहले सुदुरपश्चिम प्रदेशमा हिजो गएको भुकम्प प्रति चिन्ता ब्यक्त गरेका छन् ।

बझाङ जिल्लालाई केन्द्रबिन्दु बनाएर आएको शक्तिशाली भुकम्पका कारण सुदुरपश्चिम क्षेत्रका बिभिन्न जिल्लामा ठुलो क्षती पुगेको र जनसाधारण त्रासदीमा परेको खबर सुन्दा गहिरो दुःख लागेका पुर्व राजा शाहले बताएका छन् ।

'ठुलो भुकम्प पछि उत्पन्न पराकम्पको क्रम चलिरहेको यो अवस्थामा त्यहाँ पुर्ण सर्तकता आवाश्यक रहेको हाम्रो धारणा छ,' पुर्व राजाको सम्बाद सचिवालयले भनेको छ । सचिवालयका अनुसार भुकम्पवाट घाइतेहरुको शिघ्र उपचार तथा क्षतिवाट प्रभावित घर परिवारको राहात निमार्णतर्फ तत्काल सबन्धित सबैको ध्यान पुगोस भन्ने पुर्व राजाले आग्रह गरेको छन् ।

## चीन प्रवेश गर्ने पास बनाउन प्रशासनको आग्रह

**पोखरा–** जिल्ला प्रशासन कार्यालय मुस्ताङले चीन प्रवेश गर्ने पास बनाउनका लागि सम्बन्धित पालिकाका नागरिकलाई आग्रह गरेको छ । मुस्ताङमा १८ देखि ३३ नम्बरसम्म पिलर छ ।



त्यसमध्ये २४ नम्बर पिलरबाट मात्रै औपचारिक आउजाउ हुन्छ । कोरोनाको समयदेखि ठप्प रहेको यो नाका खोल्ने सहमति प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको चीन भ्रमणका बेला भैसकेको छ । अहिले नाका खुल्नुअघि नै सम्बन्धित व्यक्तिहरुलाई पासको व्यवस्था गर्न लागिएको हो ।

मुस्ताङको लोमान्थाङ र लो घेकर दामोदर कुण्ड गाउँपालिकाका नागरिकलाई चीन छिर्ने पास दिन लागिएको प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले जानकारी दिए । उनका अनुसार पास छापेर लगिसकिएको र मंगलबारदेखि आवश्यक कागजात पुऱ्याएर वितरण गरिनेछ । प्रवेश अनुमति पत्र बनाउन १० रुपैयाँको हुलाक टिकट सहित वडा कार्यालयबाट बसोबास गरिरहेको प्रमाण पुग्ने सिफारिस, नागरिकता, २ प्रति फोटो र यसअघि लिएको पास कार्ड चाहिने प्रशासनले जनाएको छ ।

२०७८ सम्म यहाँका नागरिकका पास रिन्यु हुँदै आएको थियो । तर नाका खुल्ने छाँटकाँट नभएपछि नवीकरण समेत रोकियो । नाका नखुल्दा उत्तरी क्षेत्रका नागरिकको दैनिकीमा समस्या हुँदै आएको छ । यसअघि नै गोरखाले समेत बोर्डर पासका लागि प्रक्रिया अघि बढाइसकेको छ ।



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १२, २०८० साल असोज २३ गते मंगलबार (Oct 10, 2023)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – – –

### अभावमा पनि खुशी मनाउन सक्छन् नेपाली ।

नेपालीहरुको महान चाँड विजया दशमी सबैको घरघरमा पस्न थालिसकेको छ । मानिसहरुकमा उल्लास आईसकेको छ । देशमा आर्थिक संकटले संनटा छाएको भएपनि आम नागरिक खुशी नै देखिन्छन् । नेपालीहरु सम्पतिमा भन्दा पनि मानवीय जीवनका व्यवहारिक पक्षलाई ध्यान दिन्छन् । आफ्नो सस्कृतिलाई माया गर्छन । आफुभन्दा मान्यजनको सम्मान गर्छन् । सानालाई माया गर्छन् । दुःख पाएका मानिस देखे भने दया गर्छन् । यो नेपालीहरुको पराम्परा हो । नेपाली करुणा हो । नेपालीको मौलिक सस्कृतिसँग जोडिएको महत्पूर्ण नेपाली पन हो ।

यति भनेर मात्र नाक फुलाएर बस्ने वेला छैन् । नेपालीका राम्रा सस्कृतिलाई भत्काउन केही नक्कलवादीहरु हाम्रै समाजमा देखिएकाछन् । चााडवाडको नाममा देखासेखी गर्ने, नेपाली मौलिकतालाई विंसेर पैशामुखी हुने धर्म सस्कृतिले बाधेका नियमहरु उल्घन गरेर पैशाको पछि दौडने, दशै जस्तो महत्वपूर्ण पर्वमा कुनै शक्ति केन्द्रकोमा फाइदाका लागि दगुरने तर आफ्नै मान्यजन लगायतलाईं बेवास्ता गर्ने जस्ता गलत चलन पनि विगतमा भएको देखिन्छ ।

यस्ता गलत प्रबृतिलाई निरुत्साहित गर्न पनि यस पटकको बिजया दशमीले अवसर दिएको छ । अभावमा झनै आफ्नो मौलिक सस्कृतिको महत्व हुन्छ । नक्कलवादीहरु र अवसरको फाइदा लिने तत्वहरुलाई यस बर्षको बिजया देशमीले पक्कै पनि पाठ सिकाउछ । किनकी पैशा धन दौलत भनेको क्षणिक हुन्छ । तर मौलिक सस्कृति परम्परामा बाधिएका नियम अनुशासन सधाका लागि जस्ताको तस्तै हुन्छन् । जसले गर्दा त्यसको परिपालना गर्दा मानिस अनुशासित हुन्छ । अनुशासित मानिसले नै समाजको अनुभव लिनसक्छ त्यो अनुभवले समाज, राष्ट्रको कार्य सम्पादन गर्न सक्छ ।

यस्ता कार्य क्षमता भएका मानिसले राष्ट्र चलाएको वेलामा नै देशले काचुली फेर्छ । संसारमा त्यहि भएको छ । भारतमा हिन्दु धर्मालम्बि अनुशासित भएका प्रधानमन्त्री नरेन्द्र मोदीले नेतृत्व गरिहेकाछन् । उनको पालामा नै भारतको विकास र शान्ति देखिएको छ । अमेरिकामा १६ औं राष्ट्रपति आब्राहिम लिंङकन अनुशासित थिए उनले देखेको अमेरिकाको विकास यतिवेला जोय वार्डेनको पालामा देखिएको छ । नेपालमा विगतमा नै श्री ५ बडा माहाराज धिराज पृथ्विनारायण वीरबिक्रम शाह र महेन्द्र शाहका पालामा नेपालको विकास भएको पाउछौ । त्यसैगरी जंग बहादुर राणाको पालामा पनि त्यतिकै भौतिक विकासका कामहरु भएका पाउछौं ।

यि माथिका उदारणले पनि नेपालीहरु विकास वादी र अनुसासित छन वा अन्य देशमा भएको अप्ठ्यारो अवस्थावाट जो गुज्रेको छ । त्यो वेलामा देशमा अनुशासित भएर आफ्नो मौलिक पनको उजागर गर्दै सवै मिलिजुली सदभाव बाड्छौ । माया ममतामा रमाउछौं । एकले अर्कोलाई सम्मान गर्छौ । त्यही हो मानवीय पन । जय पृथ्वि बहादुर सिंहको मानवीयताको सस्कार सिकेका नेपालीहरुले क्रुर मानवीयता भएका राजनीतक पार्टीहरुको रवैया पनि देखेका छौ । तर समय परिस्थितिको खेल भयो । अहिले त्यो समय होइन । नेपालीहरुले मिलेर सदभाव कायम गर्ने सवै जातजाती मिलेर अप्ठ्यारो अवस्थामा हाशी खुशी जाहा जे जस्तो छ । त्यही रहेर बिजया दशमी मनाउने गर्नुपर्छ ।

बिगतका बर्षहरु जस्तैगरी अनाअवश्यक खर्च गर्ने चलनलाई निरुत्साहित गर्नुपर्छ । मौलिक सस्कृतिको नियममा आधारित भएर बिजया दशमी मनायौं भने हाम्रो सस्कृति कहिल्यै पनि लोभ हुदैन । यस्तै असल व्याहार नेपालीहरुले देखाउदै आएकाछन् । यो असल व्यवहार नेपाली पन सधै बाचिरहने छ ।बचाउँन सबै नेपालीले आफ्नो कर्तव्य पुरा गर्ने छन् ।

# नसुध्रिएका शासक र नागरिकमा बढ्दो सास्ती



टंक पन्त

झट्ट सुन्दा सामान्यजस्तो लाग्छ तर प्रत्येक दिन मालपोत, नापी, यातायात, श्रमजस्ता कार्यालयमा नागरिकले पाउने सास्ती हेर्दा यो मुलुकमा जनताका लागि परिवर्तन आएको अनुभूति नै हुँदैन । नागरिकसँग प्रत्यक्षरुपमा जोडिने कार्यालयहरुमा देखिने भीड र त्यहाँका शासकहरुले दिने दुःख आफैँमा कहाली लाग्दो छ । कसैमार्फत गयो वा भनसुन गरेर गयो भने त्यही काम विनाझन्झट आधी घण्टाभित्रै हुनछ भने भनसुन नपुग्नेका लागि सोही काम फत्ते गर्न दुई–तीन दिन लगाइदिने प्रवृत्ति अहिले पनि जारी छ । यो कागज पुगेन, ऊ कागज पुगेन भन्दै दुःख दिने काम हुने गरेको छ ।

प्रत्यक्षरुपमा नागरिकसँग ठोकिने कार्यालयहरुमा नजर लगाउन पुग्दा कसैले सहज काम भएको भन्न सकेनन् । पाँच–सातवटा कार्यालयमा पुग्दा पनि काम समयमा नभएर भौँतारिएका नागरिकहरु एक–आपसमा भन्दै थिए– यो मुलुकमा राजनीतिक परिवर्तन वा गणतन्त्र आएको सर्वसाधारण नागरिकका लागि नभएर नेता र शासकका लागि मात्र रहेछ ।

नेताहरुले ‘जनताका लागि नै काम गरेको, कहीँ–कतै लामो लाइन लाग्न नपर्ने, यदि कसैले दुःख दिने नियत देखिएमा कम्प्लेन गर्नु भन्ने गर्छन् । तर जसले कम्प्लेन गर्छ त्यसलाई नै झनदुःख दिने गरेको कारण जति सास्ती भोगे पनि सहेर काम सक्ने गरी अगाडि सरेको देखिन्छ । नागरिकले परिवर्तनको अनुभूति गर्न सकेनन् भने त्यो परिवर्तनले स्थायित्व प्राप्त गर्न सक्तैन भन्ने कुरा विश्व जगत्मा देखिएको कुरा हो । त्यसैले जिम्मेवार निकायले समयमै सोच्नुपर्ने हुनछ ।

केही दिनअगाडि रोटरी क्लब अफ इन्टरनेसनल, त्रिभुवन विश्वविद्यालयसमेतको आयोजनामा काठमाडौंमा राष्ट्रिय सम्मेलन भएको थियो । शान्ति सम्मेलनमा ऐतिहासिक शान्ति सम्झौताको मस्यौदा गर्ने नेताहरुसहित राजनीतिक विश्लेषकहरुले मुलुकमा भएको परिवर्तन आफैँमा ऐतिहासिकमात्र नभएर विश्वलाई नै चकित पार्ने खालको थियो तर शान्ति सम्झौता भएको डेढ दशक बढी हुँदा पनि जनताले त्यसको प्रत्याभूति गर्न सकेनन् भन्ने कुरा उनीहरुले नै स्वीकार गरेका थिए । त्यो स्वीकारोक्ति भनेको कमजोरी स्वीकार गर्नु हो । शासनमा बस्ने र नेतृत्वमा बस्नेहरुले गर्न सकेनन् भने त्यसले अफ्ट्यारो स्थिति उत्पन्न गराउँछ ।

नागरिकले पाउने गरेको चरम सास्तीको एउटामात्र उदाहरण दिन सान्दर्भिक ठानेको छु । जहाँ जिम्मेवार पक्ष गैरजिम्मेवार भैदिन्छ, त्यहाँ दैनिक सयौं मान्छेले दुःख भोग्न बाध्य हुनुपर्छ । जस्तै– लुम्बिनी प्रदेशको मुख्य केन्द्र मानिने बुटवलको मालपोत र नापी कार्यालयमा नागरिकले भोग्ने सास्ती नयाँरुपमा परिणत भएको छ । आफैँमा नजिक–नजिक हुनुपर्ने नापी र मालपोत कार्यालयको दूरी झन्डै चार किलोमिटर बनाइएपछि अर्को चरम सास्ती थपिएको छ । मालपोत र नापीविना जग्गाको कारोबारसम्बन्धी कुनै पनि काम सम्भव हुँदैन । त्यसैले पनि ती दुवै कार्यालय नजिक राख्ने गरिन्छ तर बुटवलमा केही समययता मालपोत र नापी कार्यालयको दूरी झन्डै चार किलोमिटर टाढा बनाइएको छ । मालपोत र नापी कार्यालयले बुटवल उपमहानगरपालिका वडा १३ बुटवलको खोलापारि जीतगढीमा एकै स्थानमा आफ्नै कार्यालय निर्माण गर्ने गरी जग्गा खरिद गरेका थिए । जग्गा खरिद गरेपछि दुवै कार्यालयले भवन निर्माणका लागि ठेक्का पनि दिए तर नापी कार्यालय बनाउने एउटा ठेकेदारले भवन निर्माण सम्पन्न गरी हस्तान्तरण गरिसकेको छ भने मालपोत कार्यालय भवन बनाउने जिम्मेवारी लिएको अर्को ठेकेदारले डिपिसीबाहेक केही पनि काम अगाडि बढाएन ।

सुख्खानगरबाट बुटवल तिनाउको पुलपारि नवनिर्मित जीतगढीस्थित आफ्नै भवनमा नापी कार्यालय सरेर जनताका काम त्यहीँबाट केही महिनादेखि नै प्रारम्भ भैसकेको छ भने मालपोत कार्यालय पहिलेकै स्थान चार किलोमिटर टाढा सुख्खानगरमा रहेको छ । नापी र मालपोतसम्बन्धी काम गर्दा दुवै कार्यालयमा नागरिकहरु अनिवार्य जानुपर्ने हुनछ ।

मालपोत पुगेपछि कित्ताकाटदेखि नापीसम्बन्धी काम गर्न कम्तीमा एकपटक नापी नपुगी हुँदैन भने कहिलेकाहीँ केही मिलेन भने तीन–चारपटकसम्म मालपोतबाट नापी, नापीबाट मालपोत धाउनुपर्ने हुनछ तर अहिले नापी र मालपोत कार्यालयको दूरी झन्डै चार किलोमिटर टाढा भएपछि एक दिनमा हुने काम दुई–तीन दिनसम्म लाग्ने गरेको छ । मालपोत कार्यालय भवन निर्माण गर्ने ठेकेदारले दुई वर्षभित्र भवन निर्माण पूरा गरी बुझाइसक्नुपर्ने तर सो ठेकेदार टीडीआर जयबागेश्वरी माताजेभीका यज्ञ केसीले तोकिएको समय सकिन लाग्दा पनि भवन निर्माणको काम प्रारम्भ गरेका छैनन् ।

कामै अगाडि नबढाउँदा पनि जिम्मेवार निकायले कारबाही प्रक्रिया अगाडि बढाएको छैन । आगामी कात्तिकभित्र भवन निर्माण सम्पन्न गर्ने गरी दुई वर्षअगाडि नै मालपोतसँग सम्झौता भएको थियो । तर त्यो काम पनि भएको छैन । दण्डहीनताको पराकाष्ठा त्यहाँ देखिएको छ ।

सम्झौताबमोजिम काम नगरेकै कारण आज यो स्थिति आएको कुरा मालपोत कार्यालयका अधिकृत घनश्याम अर्याल पनि स्वीकार गर्छन् । ७ करोड ४५ लाख १३ हजार ८९ रुपियाँमा ठेक्का दिएको र केही रकम लगिसकेको ठेकदारले पैसा लिनासाथ काम शुरु गरिहाले भन्नका लागि केही डिपिसी बनायो तर त्यहाँका राजनीतिक दलका नेता र उच्च अधिकारीहरुसहित ठेकेदारको मिलेमतोमा काम ठप्प पारिएको छ । । नापी कार्यालय र मालपोत कार्यालय एकसाथ सार्नुपर्छ भनेर नै ठेक्का पनि दिएको तर जिम्मेवार पक्ष र ठेकेदारबीचको मिलेमतोकै कारण मालपोत भवन निर्माण गर्ने जिम्मेवारी पाएको ठेकेदार सम्पर्कविहीन रहेको दाबी गरिएको छ । सम्पर्कविहीन भन्दा पनि सम्पर्कविहीन बनाइएको छ ।

अर्को रहस्यको कुरा के रहेको छ भने, जहाँ मालपोत कार्यालय भाडामा बसेको छ त्यहाँ लेखनदासहरु बस्ने ५० भन्दा बढी सटरहरु छन । ती सटरवाला घरबेटी, मालपोत कार्यालय बसेको घरबेटीसँगको मिलेमतो र ठेकेदारसहित सबै मिलेकै कारण दुई घण्टामा हुने काम दुई दिन लाग्ने गरेको छ । दैनिक सास्ती भोगेका नागरिकहरुले प्रदेश सरकार, बिभिन्न राजनीतिक दल एवं जिम्मेवार कर्मचारीहरुको पटक–पटक ध्यानाकर्षण गराउँदा पनि सुनुवाइ नभएपछि उनीहरुमा नैराश्यता बढेको छ । मिलेमतोमा सहभागी नहुने कर्मचारीहरुले यो हदसम्म दुःख दिने काम सेवाग्राहीलाई गरिनुहुँदैन भन्ने कुरा गर्दा उल्टै बढी बोल्ने भनी कारबाहीको चेतावनी दिने गरेको जानकारीमा आएको छ ।

मासिक करिब एक लाख भाडा तिरेर सुख्खानगरमा मालपोत कार्यालय छ भने लेखनदासहरु बस्ने निजी घरहरुले एउटै सटरमा पाँचवटाभन्दा बढी टेबल राखेर एक टेबल बराबर मासिक १० हजारसम्म लिने गरेका छन । एउटै सटरबाट मासिक ५० हजारसम्म असुलन पल्केकाहरु र ठेकेदारको समेत मिलेमतो रहेको र त्यसमा केही जिम्मेवार अधिकारीहरुको भूमिका रहेको प्रस्ट छ । मालपोत र नापी कार्यालयको दूरी टाढा हुँदा ६२ वटा आईडी लिएका लेखनदासहरुले थप कमाइ गर्ने मौका पाएका छन । टाढा–टाढाबाट मालपोत पुगेका नागरिकलाई नापी कति टाढा छ भन्ने थाहा हुँदैन भने धेरैसँग साधन पनि हुँदैन । अनि लेखनदासले जग्गा किनबेच गर्नेलाई नापीसम्म लैजाने अर्को ठेक्का पनि लिन्छन र त्यो समयको थप रकम पनि लिने गरेका छन । टेम्पोले पनि मन मनलाग्दी भाडा लिने गरेका छन ।

यी हुन एक–दुई उदाहरणमात्र । यस्ता खाले नागरिकले पाउने सास्तीका घटना सबैतिर रहेका छन । एउटा ठेकेदारले समयमा काम गर्दैन, त्यसको मारचाहिँ नागरिकमा । नागरिकसँग सम्बन्धित कार्यालयहरुमा देखिने विकृति अर्थात अनेक खाले दुःख दिने काम भएकै हुनछ । त्यसको सङ्क्षिप्त पक्ष के हो भने, खान खोज्ने प्रवृत्ति हो । टेबुलमुनिबाट पायो भने काम गरिहाल्ने, नभए नगर्ने संस्कारको विकास पहिलेदेखि नै थियो र अहिले पनि छ । यसो भनेर सबै कर्मचारी त्यस्तै छन भन्ने होइन । इमानदार र कर्तव्यनिष्ठ कर्मचारी पनि छन, जसले काम गरेका हुनछन तर त्यो संख्या निकै कम छ । गलत गर्नेलाई कारबाही हुने हो भने त्यो गलत संस्कार दोहोरिने थिएन । कारबाही प्रायः हुँदैन । किनकि कारबाही गर्ने जिम्मेवार पक्षबीचकै मिलेमतोमा गलत संस्कार हुर्किरहेको छ ।

इमानदारितापूर्वक काम गर्नेलाई पुरस्कृत र गलत गर्नेलाई दण्डित गर्ने कठोर नीति राज्यले नलिँदासम्म नागरिकले दुःख पाउने मात्र होइन, नागरिकहरु विकल्पको बाटोमा जान्छन । नागरिक धेरै सचेत भइसकेका छन । अब झुक्याएर, छकाएर चल्ने स्थिति हुँदैन । यसर्थ नागरिकले देशमा भएको परिवर्तनको अनुभूति पनि गर्न पाउने गरी अगाडि बढ्न धेरै ढिलाइ भइसकेको छ ।

# चर्चित "गायक तथा सर्जक, गजलकार" बिरेन्द्र मालाकारको जन आकाश मिडियासँग भलाकुसारी



**काठमाडौं–** गायक तथा सर्जक, गजलकार बिरेन्द्र मालाकार नेपाली सागीतिक बजारमा निकै चर्चामा रहेका व्यक्तित्व हुन । पछिलो समय हेर्ने हो भने मालाकार स्थानीयदेखि अन्तराष्ट्रिय स्तरमा आयोजना हुने कार्यक्रमहरुमा समेत निकै ब्यस्त देखिन्छन् ।

एकदर्जन भन्दा बढी नेपाली मौलिकता झल्काउने गीतमा स्वर दिसकेका छन् स्मल वल्ड टिभी बाट हरेक हप्ताको शुक्रबार गजल प्रशारण गर्दै भाग २८० सम्म पुर्‍याइसकेका छन् । लामो समयदेखि गीतसंगीत क्षेत्र र गजल गाउदै आएका बिरेन्द्र मालाकारसँग जन आकाश साप्ताहिका रिपोर्टर बिनोद कार्कीसँग गरेको कुराकानी यस अंकमा प्रस्तुत गरिएको छ ।

**तपाईको बाल्यकाल कसरी बित्यो ?**

मेरो बाल्यकाल सामान्य जनजीवनमा बित्यो त्यति हुनेखाने पनि हैन् । ललितपुर जिल्लाको धापाखेल नागदह वरिपरी कहिले मेलापात कहिले उकाली ओराली सामान्य गाउँघरमा दुखदाही अबस्थामै मेरो बाल्यकाल बित्यो । सानैदेखी गीत संगीत क्षेत्रमा रुचि थियो गाउँघरमा उकाली ओराली गर्दा धेरै गीत संगीतहरु सुन्ने गर्थे र गुनगुनाउने गर्थे तेसरी नै मेरो गीत संगीत प्रति रुचि जाग्यो ।

**तपाई कलाकारिता क्षेत्रमा लागेको कति भयो ?**

कलाकारिता क्षेत्रमा लागेको झन्डै सात बर्ष जति भयो मैले एकदर्जन भन्दा बढी गीतमा स्वर दिसकेको छु । आफ्नै युटुब च्यानलबाट हरेक हप्ताको शुक्रबार एउटा, एउटा गजल प्रशारण गरी गजल भाग २८० सम्मा पुर्‍यायको छु । मैले पछिल्लो समय डम्फु र टुङना गीत बजारमा ल्याएको छु छोटो समयमै दर्शक, स्रोताको मन जित्न सफल भएको छु ।

**गायक, सर्जक, गजलकार हुनुहुन्छ । तपाई थुप्रै मेला मउत्सवमा देखिनुहुन्छ । महोत्सवमा जाँदा दर्शकले कुन गीत बढी रुचाउछन ?**

थुप्रै मेला मउत्सवमा हिढिरहदा मैले थुप्रै गीतहरु गाउने गर्छु मेरो दर्जनौ गीतमध्य सबै भन्दा धेरै दर्शकले रुचाइदिएको गीत "जौ मायाँ सरर धरान बजार उढायो रेलैले हावा सरर" बोलको गीत दर्शकले धेरै रुचाइदिनु भएको छ । म प्राय स्टेज प्रोग्राममा जाँदा धेरै जस्तो यो गीत गाउने गर्छु ।

**तपाइले लामो समय कलाकारीता क्षेत्रमा समय बिताइसक्नु भएकोछ । यस क्षेत्रमा समय बिताइरहदा सम्झिन लायक कुनै तेस्ता अबिष्मरणीय क्षणहरु छन् ?**

जिवनको अबिष्मरणीय क्षण भनेको पहिलो गीतमा आफैले अभिनय गर्दा क्यामेराको अगाढी प्रस्तुति राम्रोसँग दिननसकेको र गीत सार्वजनिक भएपछि पनि आफुले गरेको अभिनय आफुलाई राम्रो नलागेको क्यामेराको अगाडि अभिनय गर्न त्यति सजिलो भएन् ।

**तपाई कस्ता खालका गीतसंतहरु सन्नु हुन्छ । र कस्ता खालका गीतहरु गुनगुनाउनु हुन्छ गीत संगीतहरु त धेरै प्रकार छन् ?**

गीत संगीतहरु त धेरै प्रकारका छन् प्राय सबै प्रकारका गीतहरु सुन्ने गर्छु । बिशेष गरी नेपाली मौलिकता झल्काउने लोक गीतहरु सुन्ने गर्छु । मेरो जर्नामा सुवाउने गीतहरु सुन्ने र गुनगुनाउने गर्छु ।

**कलाकारीता क्षेत्रमा लामो समय बिताउनु भएको पुरानो कलाकार हुनुहुन्छ । भोलिका दिनमा आउने नव प्रतिभाको लागि के भन्न चाहानुहुन्छ ?**

यो क्षेत्र सबैको हो आउनुस आफ्नो प्रतिभा देखाएर अगाढी बढ्नुस् हामीबाट पनि तपाईहरुलाई साथ सयोग मिल्ने छ । यो क्षेत्रमा संघर्ष गर्नुस नहुने कुरा केही हुँदैन् । हुनत यो गीत संगीत क्षेत्र र कलाकारीता क्षेत्रमा कुन बेला कस्को भाग्य चम्किन्छ । थाहाँ नै हुँदैन् । आउनुस अगाडि बढ्नुस मेहनत गर्न नछोढ्नुस् । यो संसारमा सम्भव नहुने भन्ने काम केही हुदैन् ।

# रामेछाप डायरी

## रामेछापको विहिबारे हाट : बढ्यो खसीको व्यापार



रामेछाप जिल्लाको पुरानो सदरमुकाम समेत रहेको रामेछाप बजारमा हरेक बिहिबार हाट लाग्छ । यो जिल्लाकै पुरानो र ऐतिहासिक हाट हो । धेरै ठाउँमा हाट लाग्नै छोडिसकेको भएपनि रामेछाप बजारमा अझै पनि निकै भिडभाडका साथ हाट लाग्ने गर्छ ।

दशैं नजिकिएसँगै विहिबारे हाटमा खसी, बोका किन्ने र बेच्नेको निकै भिड थियो । बजारमा विशेषगरी लत्ताकपडा र खसी, बोका किनबेच गर्नेहरुको संख्या अरु समयमा भन्दा आज अलि बढी नै थियो । हाटबजारमा किसानले धेरै नै खसी बोका बिक्री गर्न ल्याउएका थिए । खसी, बोकाको व्यापार पनि राम्म्रै रहेको खसी व्यापारी कृष्ण बस्नेतले बताउनुभयो ।

दसैं सिजनमा खसीबोकाको बिक्री राम्रो हुने र मूल्य पनि राम्रै पाइने भएपछि यही सिजनमा खसीबोकाको व्यापार गर्न लिएर आउनेहरु बढेको रामेछाप बजारका स्थानिय सुजन घिमिरेले बताउनुभयो । धेरैले यहि हाटमा खपत नहुने खसीबोकाहरु राजधानी काठमाडौं समेत लैजाने गरेका छन ।

## रामेछापका दुई ठाउँमा यात्रु सहायता कक्ष स्थापना

आउँदै गरेको दसैँतिहारलाई लक्षित गर्दै जिल्ला ट्राफिक प्रहरी कार्यालय रामेछापले जिल्लाको दुई स्थानमा यात्रु सहायता कक्ष स्थापना गरेको छ । यात्रुको सहायताका लागि रामेछापको सेलेघाट र मन्थलीको देवकोटा चोकमा यात्रु सहायता कक्ष स्थापना गरिएको हो ।

दसैँतिहारमा हुने यात्रुको चाप, यात्रुमाथि हुनसक्ने अभद्र व्यवहार, यात्रु ठगिने सम्भावना लगायत विषयलाई मध्यनजर गर्दै यात्रु सहायता कक्ष स्थापना गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रामेछापका प्रमुख तथा प्रहरी सहायक निरीक्षक दिपक चौँलागाईले जानकारी दिनुभयो ।

बिहिबार(आज) स्थापना गरिएका उक्त यात्रु सहायता कक्ष छठ पर्वसम्म सञ्चालन गरिनेछ । सहायता कक्षमा यात्रुले आफ्नो यात्राका लागि थाहा नभएको स्थान, भाडा दर, सवारी छुट्ने समयजस्ता विषयमा जानकारी लिन सक्नेछन् ।


नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभागको अनुरोध

व्यावसायिक प्रयोजनका मालवस्तु तथा ढुवानीका साधनको अनुगमन प्रणाली (Vehicle & Consignment Tracking System – VCTS) को सफ्ट्वेयर तयार गरी द्ण्ठट श्रावण १ गतेबाट संचालनमा रहेको छ । एक स्थानबाट अर्को स्थानसम्म व्यावसायिक प्रयोजनका मालवस्तु ढुवानी गर्दा भन्सार विन्दुबाट आयात भएको मालवस्तुको हकमा प्रज्ञापनपत्र र स्थानिय मालवस्तुको ढुवानि भएको मालवस्तुको विलबिजक र मौज्दात स्थानान्तरणको हकमा चलान संलग्न गरी Vehicle & Consignment Tracking System – VCTS मा अनिवार्य रुपमा प्रविष्ट गरेर मात्र सामान ओसार पसार गर्नु हुन अनुरोध छ । यस VCTS मा प्रविष्ट नगरी समान ओसार पसार गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही भै जाने व्यहोरा समेत अनुरोध गरिन्छ ।

VCTS सम्वन्धी कुनै समस्या भएमा
टेलिफोन नं.:०१-५४४४७४५ टोल फ्रि नम्बर:१६६०-०१-५५०००
IT SUPPORT –9849398914, 9810106929
Email:– vcts@dri.gov.np मा e–mail गर्नु हुन ।



गोदावरी नगरपालिका
बज्रबराही, ललितपुर
बागमति प्रदेश, नेपाल
सूचना
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख — गजेन्द्र महर्जन
उप- प्रमुख — मुना अधिकारी
प्रमुख प्रशासकीय अधिकृत — प्रविन कोइराला



वीरेन्द्र नगरपालिका
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
सूचना
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख — मोहन माया ढकाल
उप- प्रमुख — निलकण्ठ खनाल
प्रमुख प्रशासकीय अधिकृत — गेहेन्द्र बहादु डाँगी



शुक्लागण्डकी नगरपालिका
गण्डकी प्रदेश, तनहुँ
नेपाल
सूचना
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र नि:शुल्क दर्ता गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- नगरपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार नगरपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा नगरपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।

नगर प्रमुख — कृष्णराज पण्डित
उप- प्रमुख — खुम बहादुर वि.क (राजु)
प्रमुख प्रशासकीय अधिकृत — रामचन्द्र लामगादे

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १२, २०८० साल असोज २३ गते मंगलबार (Oct 10, 2023)

# नेपाल क्रिकेट संघ (क्यान) र आईएमई डिजिटल सोलुसनबीच रणनीतिक साझेदारी




**काठमाडौँ–** नेपाल क्रिकेट संघ (क्यान) र आई एम ई डिजिटल सोलुसन लिमिटेड (आईएमई पे) बिच रणनीतिक साझेदारी सम्झौतामा हस्ताक्षर भएको छ। सम्झौता अनुरूप आई एम ई डिजिटल सोलुसन लिमिटेड अबको २ वर्षको लागि नेपाल क्रिकेट संघले देश भित्र आयोजना गर्ने अन्तर्राष्ट्रिय तथा राष्ट्रिय खेलहरूको टिकेटिङ्ग पार्टनरका रूपमा रहने छ।

सम्झौता लागु भएसँगै आउँदो २ वर्षको समय अवधिमा नेपाल क्रिकेट संघले नेपालमा आयोजना गर्ने सम्पूर्ण अन्तर्राष्ट्रिय खेलहरूको फिजिकल र अनलाईन टिकेटको विक्रीको जिम्मेवारी पनि आई एम ई पे ले पाएको छ। राजधानी काठमाण्डौमा बिहीबार सम्पन्न एक समारोहका बिच सम्झौता पत्रमा हस्ताक्षर भएको हो। पत्रमा नेपाल क्रिकेट संघको तर्फबाट सचिव पारस खड्का र आई एम ई डिजिटल सोलुसन लिमिटेडका तर्फबाट आई एम ई पेका प्रमुख कार्यकारी अधिकृत प्रवीण रेग्मीले हस्ताक्षर गरेका थिए।

नेपाली क्रिकेट टोलीले अन्तर्राष्ट्रिय स्तरमा पाएको सफलता र ख्यातिलाई संस्थागत गर्दै सिङ्गो नेपाली क्रिकेटको विकास र विस्तारका लागि सम्पूर्ण क्षेत्रको संयुक्त पहलको आवश्यकता रहेको छ। सोही आवश्यकता महसुस गरी यो समझदारी भएको हो। नेपाल क्रिकेट संघका सचिव पारस खड्काले, आई एम ई पे सँगको यो साझेदारीले नेपाली क्रिकेटको बहुआयामिक विकासमा सहयोग पुग्ने बताएका थिए।

नेपाली क्रिकेटको स्तर वृद्धि र दिगो विकासका लागी आउँदो दिनहरूमा हामीले अन्तर्राष्ट्रिय टोलीहरूसँग धेरै भन्दा धेरै खेलहरू खेल्नु पर्ने अवस्था रहेको छ। यसै बिचमा आई एम ई पे जस्तो संस्थाले नेपाली क्रिकेटमा लगानी गर्ने निर्णय गर्नु हामी सबैका लागि खुसीको खबर हो। यो साझेदारी बनाउने मौका दिनु भएकोमा म मेरो व्यक्तिगत र सिङ्गो नेपाल क्रिकेट संघको तर्फबाट आई एम ई डिजिटल सोलुसन लिमिटेडलाई हार्दिक धन्यवाद समेत ज्ञापन गर्न चाहन्छु।

यस्तै, नेपाली क्रिकेटको विकासका विभिन्न आयामहरूमा जोडिन पाउँदा गौरवान्वित रहेको आई एम ई पेका प्रमुख कार्यकारी अधिकृत प्रवीण रेग्मीले बताएका छन्। नेपाली क्रिकेटको विकासमा क्यानसँग सहकार्य गर्ने मौका दिएकोमा क्यानलाई धन्यवाद दिन चाहन्छु, र 'आइएमई पे' को डिजिटल वित्तीय समावेशिताको महाअभियानलाई खेल तथा खेलाडीसँग जोड्दा झनै प्रभावकारी रूपमा लागु गर्न सकिने भएकोले यस साझेदारीप्रति अत्यन्तै उत्साहित रहेको पनि प्रमुख कार्यकारी रेग्मीले बताएका छन्।

# बन्दीपुर केबलकार र नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्गबीच सम्झौता

**काठमाडौं–** बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेड र नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेडबीच शेयर रजिष्ट्रार सम्बन्धी कार्य गर्ने सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भएको छ।

एक कार्यक्रमका बीच सम्झौता पत्रमा बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेडको तर्फबाट सञ्चालक शिव प्रसाद शर्मा र नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेडको तर्फबाट प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत लेखनाथ पोखेलले हस्ताक्षर गरेका हुन्। सम्झौतासँगै अब बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेडको शेयर रजिष्ट्रार सम्बन्धी सम्पूर्ण कार्य नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड मार्फत हुनेछ।

# नेपाल टेलिकमले ल्यायो टिंकरमा मोबाइल सेवा सञ्चालनमा

NEPAL TELECOM

**काठमाडौं–** नेपाल टेलिकमले नेपालको उत्तर पश्चिमको अन्तिम बस्ती टिंकरमा मोबाइल सेवा सञ्चालनमा ल्याएको छ।

२०८० असोज १६ देखि मोबाइल सेवा सञ्चालनमा आए पछि अब सो क्षेत्रका जनताले सहज रुपमा आफ्नै मोबाइल मार्फत फोन गर्न सक्ने भएका छन्। चीनको सिमानासँग जोडिएको दार्चुला जिल्लाको व्यास गाउँपालिका वडा नम्बर १ मा अवस्थित उत्तर पश्चिमी नाका टिंकरमा नेपाल टेलिकमले भीस्याट प्रविधि मार्फत टुजी प्रविधिको सेवा सञ्चालनमा ल्याएको हो। कम्पनीले यसका लागि आवश्यक सामग्री कैलालीको अत्तरिया र दार्चुलाको छाङरुबाट टिंकर पुऱ्याएको थियो।

पहिले सो क्षेत्रमा भीस्याट प्रविधिका दुई लाइन टेलिफोन सञ्चालनमा थिए। अब भने टिंकर क्षेत्रमा रहेका करिव ५ सय सेवाग्राहीले आफ्नै मोबाइलबाट कुराकानी गर्न सक्ने छन्। यो वाहेक सो क्षेत्रमा अवस्थित सशस्त्र प्रहरी बल र इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी तथा सो क्षेत्रमा आउने पर्यटकहरु समेत यसबाट लाभान्वित हुनेछन्।

करिव ३ हजार ७ सय मिटरको उचाईमा अवस्थित टिंकरभारत सहितको त्रिदेशीय सिमाना जोडिएको स्थान छाङरुबाट करिव १२ किलोमिटर र सदरमुकाम खलंगाबाट करिव ८० किलोमिटर दुरीमा अवस्थित छ। त्यहाँबाट करिव ८ किलोमिटर हिंडेपछि चीनको सिमाना स्थित १ नम्बर पिलर पुग्न सकिन्छ।

नेपाल टेलिकमले प्रतिफल कमआउने र तुलनात्मक रुपमा लगानी बढी हुने स्थानहरुमा समेत समान रुपमा दूरसञ्चार सेवा विस्तार गर्ने क्रमलाई निरन्तरता दिँदै टिंकरमा समेत सेवा सञ्चालनमा ल्याएको हो।

# नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशकमा संगीता पहाडी अर्याल नियुक्त



**काठमाडौं–** नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम)को निमित्त प्रबन्ध निर्देशकमा कम्पनीका नायव प्रबन्ध निर्देशक संगीता पहाडी अर्याल नियुक्त भएका छन्।

नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मिति २०८०/०६/१७ को निर्णय (मा. मन्त्रीस्तर) अनुसार उहाँलाई कम्पनीको प्रबन्ध निर्देशक पदमा अर्को व्यवस्था नभए सम्मका लागि निमित्त प्रबन्ध निर्देशक भई कामकाज गर्न तोकिएको छ। उहाँले कम्पनीको नायव प्रबन्ध निर्देशकको रुपमा प्रमुख प्राविधिक अधिकृतको कार्यभार सम्हाल्दै आएका थिए। भने आज २०८० असोज १७ गतेदेखि निमित्त प्रबन्ध निर्देशकको जिम्मेवारी सम्हालेका छन्।

नव नियुक्त निमित्त प्रबन्ध निर्देशक संगीता पहाडी अर्यालले भारतको अलाहावा दयुनिभर्सिटीबाट बी.ई. र थाइल्यान्डको एसियन इन्स्टिच्युट अफ टेक्नोलोजीबाट एम.ई. गर्नु भएको छ। उहाँले २०४९ चैत २३ गते तत्कालीन नेपाल दूरसञ्चार संस्थान माइन्जिनियर पदमा अस्थायी नियुक्ति लिएर सेवा प्रवेश गरेका थिए। भने २०५१ फाल्गुण १० गते स्थायी नियुक्ति लिएका थिए। उहाँ २०७८ माघ १८ गते नायव प्रबन्ध निर्देशक नियुक्त भएका छन्।

# अर्थ संसार

## गरिमा विकास बैंकको (ईएमआई) सेवा शुरू




काठमाडौं - शुक्रवार नेपालमा करिब तिन दशक अगाडी सुरुवात भएको क्रेडिट कार्ड सुविधामा आजसम्म पनि सिमित नेपालीहरुको मात्र पहुँच पुगेको देखिन्छ। क्रेडिट कार्डको प्रयोग, उपयोगिता र फाइदा सम्बन्धी जागरुकताको कमीले गर्दा नै यसको पहुँच आम जनमानसमा नपुगेको मान्न सकिन्छ।

